Scanned by CamScanner

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
५ नं. प्रदेश नेपाल

आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०७५/०९/२८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (६) समेतमा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको आन्तरिक आय संकलन गर्ने व्यवस्था तथा प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन अनुसार देहायको शिर्षकमा शुल्क असुली सम्बन्धी काम आ.व.२०७५/७६ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ अन्य थप जानकारीका लागि कृष्णनगर नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ।

आय ठेक्का नं.	आयको विवरण	आ.व.०७५/७६.का लागि कायम न्युनतम अंक (मू. अ. कर बाहेक)	संकलन,उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) घन मि.	बोलपत्र फारम दस्तुर	धरौटी / जमानत रकम
KNM/075/76/01	कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने सुरहीको माडा नाका,दयानगर नाका,गुर्चिहवानाका क्षेत्र (IEE)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क	११,२६,७२१/-	५३२१	रु.१०००/-	मू.अ.कर सहित कुल कबोल अकंको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत
	कृष्णनगरनगरपालिकाक्षेत्रभित्रपर्नेचरगहवाखोलाको हथियागढ नाका,ठकुरापुर नाका क्षेत्र (IEE)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क	७,९४,८१९/-	३७५४	रु.१०००/-	

ठेक्का सम्बधि शर्तहरु :

१.माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरि भरेर नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

२.ठेक्का अवधि २०७६ जेष्ठ मसान्त सम्म रहनेछ तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिनेछ साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको भौज्दात सामग्री बिक्री तथा निकासी गर्न सकिनेछ उत्खनन/संकलन गर्दा व्यक्तिगत जग्गामा क्षति पुर्याउन पाइने छैन साथै निर्माणधिन पुलको ५०० मि.क्षेत्र बाहिरबाट मात्र उत्खनन/संकलन गर्नु पर्नेछ।

३.धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक कृष्णनगर स्थित बैक खाता नं. ०१४०३०००००००३०००००मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (फिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ धरौटी बापत जम्मा गरको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत वा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४.उपरोक्त ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिने छ।

५.कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६.बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन।

७.बोलपत्र भर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाई मान्यता दिइनेछ साथै बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्नेछ।

८.ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

९.उपरोक्त ठेक्काको लागि सूचन प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि १६ औं अर्थात मिति २०७५/१०/१२ मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे कृष्णनगर नगरपालिकाको. कार्यालयमा खोलिनेछ।

१०.बोलपत्र फारम खरिद गर्न,दाखिल गर्न,खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद ,दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११.कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

१२.नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन।

१३.खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका सुयोदय अगावै गरिसक्नु पर्नेछसाथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन।

१४.खोलाबाट संकलन सामग्री नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्ने छ घाटगद्दी गरिएको सामग्रीको परिमाण नगरपालिकाको अनुगमन समितिबाट यकिन गरि बिक्री गर्नुपर्नेछ।

१५.यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ।

१६.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन।

१७.अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

वड कुमार पौडेल
नि.प्रमुख प्रशासकीय अधिकृत